म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २८४ २०८० भदौ २३ गते शनिबार 9 September 2023, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



**सम्पर्क** ०५७-५९०९७७

QRL (Qualified Reference Lab)

हेटौँडा-१, ब्लडबैंकअगाडि

# फिजियोथेरापीमा जनशक्ति अभाव




समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालको फिजियोथेरापी विभागमा जनशक्ति अभाव रहेको बताइएको छ । अस्पतालको फिजियोथेरापी विभागमा एकजना फिजियोथेरापिस्ट डाक्टर एकजना सहयोगीमात्र कार्यरत रहेकाले बिरामीको उपचारमा समस्या भएको बताइएको हो ।

अस्पतालको फिजियोथेरापी विमागका फिजियोथेरापिस्ट डा.समिका विष्टका अनुसार जनशक्तिको अभावले बिरामीलाई सेवा दिन धेरै नै गाह्रो भएको छ । बिरामी धेरै भएको र फिजियोथेरापिस्ट एकजनामात्र भएकाले उपचार सेवामा समस्या भएको उहाँको भनाइ छ । अस्पतालमा दैनिक ३० देखि ४० जना बिरामी फिजियोथेरापी गराउन आउने गरेको उहाँले जानकारी दिनुभयो ।

ढाड दुखेर, पाखुरा सुन्निएर, घुँडा दुखेर फिजियोथेरापी गराउन आउने बिरामीको संख्या उच्च रहेको डा. विष्टले जानकारी दिनुभयो । घुँडा खिएका, हात तथा खुट्टाका जोर्नी भाँचिएका, बाथ रोग लागेका, पैताला तथा कुर्कुच्चा दुखेका बिरामीसमेत फिजियोथेरापीका लागि आउने गरेको उहाँको भनाइ छ । धेरैजसो बिरामी ३० उमेर कटेका आउने डा. विष्टले बताउनुभयो ।

अस्पतालमा फिजियोथेरापी गराउन आउने बिरामीमध्ये वृद्धवृद्धाहरु ढाड, घुँडा तथा पाखुरा दुखेर आउने गरेको डा. विष्टले जानकारी दिनुभयो । मध्यम उमेरका बिरामीहरु हात तथा खुट्टा भाँचिएर आउने गरेका छन् भने बालबालिकामा धेरैजसो जन्मजात रोग र कम विकास प्रक्रिया भएको पाइएको उहाँले बताउनुभयो ।

डा. विष्टका अनुसार खानापिन नमिलेर, एकै प्रकारको काम गरेर, धेरै उभिइरहेर, अन्य रोगका कारण र उमेर पुगेर यो समस्या देखिने गर्दछ । हेटौंडा अस्पतालमा फिजियोथेरापी उपचारका लागि टेन्स मेसिन, आइएफटी, टेडमिल, व्याक्स पाथ, सीपीएम तथा अन्य मेसिनको सुविधा रहेको डा. विष्टले बताउनुभयो ।

## २४ घण्टामा २ जनालाई डेंगु

समाज संवाददाता

हेटौंडाः मकवानपुरमा पछिल्लो २४ घण्टामा २ जनालाई डेंगु भएको छ । डेंगु हुनेमा एक जना हेटौंडा उपमहानगर पालिकाका छन् भने एक जना इन्द्रसरोवर गाउँपालिकाका छन् ।

स्वास्थ्य कार्यालय मकवानपुरले सार्वजनिक गरेको विवरणअनुसार मकवानपुरमा साउन महिनादेखि शुक्रबारसम्म ४ सय ३ जनामा डेंगु देखिएको छ । डेंगु पुष्टि हुनेमा हेटौंडा उपमहानगरपालिकाका धेरै रहेका छन् । हेटौंडा उपमहानगरपालिकाका २ सय ७१ जनामा डेंगु देखिएको छ ।

## आइतबार शेखर कोइराला हेटौंडा आउँदै

समाज संवाददाता

हेटौंडाः नेपाली कांग्रसका वरिष्ठ नेता तथा प्रतिनिधिसभा सदस्य शेखर कोइराला भोलि आइतबार हेटौंडा आउन लाग्नुभएको छ । बीपी कोइरालाको ११० औं जन्मजयन्तीको अवसरमा कोइराला हेटौंडा आउन लाग्नुभएको बीपी विचार समाज मकवानपुरले पत्रकार सम्मेलन गरी जानकारी गराएको हो ।

बीपी विचार समाज मकवानपुरका उपाध्यक्ष प्रदीप कोइरालाले बीपीको जन्मजयन्तीको अवसरमा कोइरालाले हेटौंडा-११ मा रहेको बीपी बाटिकामा बीपीको शालिकको अनावरण गर्नुहुने बताउनुभयो । पत्रकार सम्मेलनको क्रममा नेपाली कांग्रेस मकवानपुर जिल्ला सभापति बुद्ध लामाले बीपीको जन्मजयन्तीका अवसरमा पार्टीको निर्देशनअनुसार हरेका जिल्लामा कार्यक्रम हुने जानकारी गराउनुभयो ।

कोइराला नेपाली कांग्रेसको संस्थापक नेता भएकाले सुदृढ विचार बोकेर हिंड्ने व्यक्ति भएको लामाले बताउनुभयो । कोइराला आउँदा लोकतान्त्रिक विचार बोक्ने मकवानपुरको जनताका लागि फाइदा हुने उहाँले बताउनुभयो ।

## ११ जनाले रक्तदान गरे

समाज संवाददाता

हेटौँडाः हेटौँडा-६, चौघडास्थित जनकल्याण बचत तथा ऋण सहकारी संस्था लिमिटेडको २८ औं स्थापना दिवसको अवसरमा शुक्रबार बिहान रक्तदान कार्यक्रम भएको छ । कार्यक्रममा ११ जनाले रक्तदान गरेका छन् ।

सहकारीका अध्यक्ष हिमाल पौडेलको अध्यक्षता तथा वडा अध्यक्ष विष्णु बहादुर दाहालको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रमको उद्घाटन भएको थियो । रक्तसञ्चार केन्द्र हेटौँडाको प्राविधिक सहयोगमा रक्तदान कार्यक्रम भएको हो । शनिबार बिहान हेटौँडा-४ स्थित श्रमिक माविमा रक्तदान कार्यक्रमको आयोजना गरिएको छ ।

## माओवादी केन्द्र बागमतीको पूर्ण बैठक

समाज संवाददाता

हेटौंडाः नेकपा माओवादी केन्द्र बागमती गाउँपालिका कमिटीको पूर्ण बैठक बसेको छ । शुक्रबार पार्टी गाउँपालिका कमिटी अध्यक्ष अरुण बलको सभाध्यक्ष तथा पार्टीका केन्द्रीय सदस्य विष्णुप्रसाद सापकोटाको प्रमुख आतिथ्यमा बैठक बसेको हो ।

बैठकमा पार्टीले सुरु गरेको विशेष रुपान्तरण अभियानबारे समीक्षा भएको पार्टी गाउँ कमिटीका सचिव रहर थिङले बताउनुभयो । पार्टी विशेष रुपान्तरण अभियानअनुरुप गाउँकमिटी तथा सबै वडाको अभियान कमाण्डरहरुको उपस्थितिमा बैठक बसेको हो ।

तीन महिने अभियानअन्तर्गत् कार्यक्रमहरु वडा-वडामा कसरी चलिरहेको छ, कस्ता अप्ठ्याराहरु आइपऱ्यो, जनताका गुनासोहरु के देखिए भन्नेबारे छलफल भएको जनाइएको छ । बैठकमा बोल्नुहुँदै केन्द्रीय सदस्य सापकोटाले पार्टीले सुरु गरेको यो अभियान निकै प्रभावकारी हुने दाबी गर्नुभयो । यो अभियानमा जनताहरु आकर्षित भएको उहाँको भनाइ छ ।

बैठकमा पार्टी जिल्ला संयोजक सर्केश घलान, प्रदेश कमिटी सदस्य लक्ष्मी पाखिन, कमान सिं पाखिन र सुनिता खड्का गोलेलगायतको उपस्थिति रहेको थियो ।

## पार्टी बलियो बनाउन नेता कार्यकर्ताले त्याग गर्नुपर्छः एमाले नेता ज्ञवाली

समाज संवाददाता

हेटौंडाः नेकपा एमालेका पोलिटब्युरो सदस्य एवम् मकवानपुर जिल्ला इन्चार्ज देवी ज्ञवालीले पार्टी बलियो बनाउन नेता कार्यकर्ताले त्याग गर्नुपर्ने बताउनुभएको छ । शुक्रबार नेकपा एमाले मकवानपुरको १० औं जिल्ला कमिटीको बैठकलाई सम्बोधन गर्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।

नेता ज्ञवालीले पार्टीमा प्रवेश गरेकाहरुलाई जिम्मेवारी दिएर र नयाँ पुस्तालाई समेटेर पार्टी बलियो बनाउनुपर्ने बताउनुभयो । उहाँले पार्टी कामको जिम्मेवारी सहमति र समभ्रुदारीका साथ लिनुपर्ने बताउनुभयो । एमाले मकवानपुरले आगामी असोज ८ र ९ गते काठमाडौंमा हुने बागमती प्रदेशको प्रथम अधिवेशनको तयारीअनुरुप बैठक बसेको हो ।

प्रदेश अधिवेशनको लागि जिल्लामा रहेका ११ हजार ६ सय ८४ पार्टी सदस्यबाट, मजदुर, पेशागत र उत्पीडित क्षेत्रबाट गरी १ सय जना प्रतिनिधि चयन हुने पार्टी जिल्ला कमिटीका सचिव नवीन सिग्देलले बताउनुभयो । पालिकाको १०, मजदुर र पेशागत क्षेत्रबाट १ जना र उत्पीडित क्षेत्रको प्रतिनिधिसभा २ क्षेत्र गरी १३ वटा प्रतिनिधि छनौट हुने जनाइएको छ । आगामी भदौ २७ गते प्रतिनिधि छनौट हुने सचिव सिग्देलले बताउनुभयो ।

पार्टी जिल्ला अध्यक्ष एकालाल श्रेष्ठको अध्यक्षतामा भएको बैठकमा पार्टी केन्द्रीय सदस्यहरु केदार न्यौपाने, रामेश्वर राना, कृष्णप्रसाद दाहाल, केन्द्रीय सल्लाहकार परिषद्का सदस्य सूर्यचन्द्र न्यौपाने, केन्द्रीय निर्वाचन विभागका सदस्य अनन्त पौडेललगायत प्रदेश कमिटीका सदस्यहरूको उपस्थिति रहेको थियो ।

श्री जनजागृति माध्यामिक विद्यालय (प्राविधिक शिक्षालय)

हेटौंडा उपमहानगरपालिका, वडा नं.-१५, रातोमाटे, मकवानपुर

अटोमोवाइल ईन्जिनियरिङ्ग बिषयमा प्रि-डिप्लोमा तह औधोगिक प्रशिक्षार्थी तालिम (अप्रेन्टिशीप) मा नि:शुल्क प्रशिक्षणका लागि

सुनौलो अवसर । सुनौलो अवसर ।। सुनौलो अवसर ।।।

प्राबिधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट संचालित रोजगारीका लागि सीप (ENSSURE) परियोजनाबाट नि:शुल्क संचालन गरिने प्रि–डिप्लोमा तहको २४ महिने अवधिको अप्रेन्टिशीप (औधोगिक प्रशिक्षार्थी तालिम) कार्यक्रममा शैक्षिक सत्र २०८०/०८१ को भर्नाका लागि अवसर खुलेको हुनाले १६ बर्ष पुगेका र SEE वा सो सरहको योग्यता पुगेका व्यक्तिले आवेदन दिन सक्नेछन् । यस तालिम कार्यक्रममा तालिममा सहभागीहरूलाई खाजा उपलब्ध गराइनेछ ।

औधोगिक प्रशिक्षार्थी (Apprenticeship) तालिम किन ?

१. प्रशिक्षार्थीले शिक्षालय र औधोगिक प्रतिष्ठान दुबै स्थानमा सीप सिक्ने अवसर पाइने ।
२. पेसासँग सम्बन्धित दक्ष व्यक्तिसँगै रहेर काम गर्न पाइने ।
३. तालिमको अबधिमा नै आय आर्जन हुने र तालिम पश्चात रोजगारी सुनिश्चित हुने ।
४. सफलतापूर्बक तालिम सम्पन्न गरेपछि प्रि–डिप्लोमाको प्रमाणपत्र पाइने ।

आवेदन काहाँ र कसरी दिने ?

१. विद्यालय प्रशासनमा सम्पर्क गरी आवेदन फारम भर्ने ।
२. फारम भर्ने मिति २०८०। ०५। १३ गतेदेखि २०८०। ०६। ०२ गतेसम्म ।
३. रीतपूर्वक भरिएको फारम विद्यालयमा बुझाउने ।

फारम भर्न चाहीने कागजातहरु:-

१. SLC/SEE को प्रमाणपत्रहरू र मार्कसिटको प्रतिलिपि ।
२. जन्मदर्ता तथा नागरिकताको प्रतिलिपि ।
३. पार्सपोर्ट साइजको रंगिन फोटो २ प्रति ।



सम्पर्क नम्बरहरु:

९८४५०३०८७६ (प्राचार्य), ९८४१२०८९१९ (वि.व्य.स. अध्यक्ष), ९८६५२१००१६ (तालिम सयोजक), ९८४५२९७६२६ (कार्यक्रम सयोजक), ९८४५४६३११० (सूचना अधिकारी) ९८४६६९५७३१ (प्रशिक्षक), ०५७(४१२६१९ (विद्यालय)

Hetauda School of Management and Social Sciences

"कडा अनुशासन, स्तरीय शिक्षा"

100% SCHOLARSHIP (on tuition fee) For A Achiever

25% SCHOLARSHIP (on tuition fee) For 'A' Achiever

BBS Bachelor of Business Studies

ADMISSION ONGOING

Class starts from ASOJ 15

01 17 extra curricular modules to enhance learning experiences

02 On-campus job placement fair and dedicated placement cell

03 Student-led clubs for leadership development

04 HSMSS feast and Annual Athletic Meet

05 Academic business incubation center supporting student entrepreneurs


06 Experiential learning platform

*Reminder: Submit the application form for CMAT and BCA Entrance Exam by Bhadra 31, 2080*

Hetauda-4 057524701, 9855074222 www.hsm.edu.np

ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL (2023)

# प्रेमकी प्रर्तिमूर्ति दमयन्ती



निकिता भट्टराई

समय बित्दै गयो र दमयन्ती आफ्नी ठूलीआमा सुनन्दाकी छोरीको सैरन्ध्रीका रूपमा त्यहीँ लहरे सोच्दै बसीरहिन् । त्यत्रो समय बित्दा पनि नल काहाँ छ भन्ने कुराबाट बन्चित रहेकोमा दमयन्ती उदास थिइन् । "अब केहीँ गर्नुपर्छ नललाई मैले जसरी पनि खोज्नुपर्छ" भनेर दमयन्तीले एकदिन सुनन्दाबाट भाग्ने प्रयास गरिन् । चेदी नगरको कुनै कुनामा एक पक्कै नल फेला पर्छ भन्ने कुरामा विश्वस्त रहेकी दमयन्तीले राति सुनन्दा र सबै सुतेका बेलामा बाहिर जान खोजिन् । तर दुरभाग्यवस त्यस बेला सुनन्दा बिउझिन् र दमयन्ती भागेको देखिन् । "तिनवटै सर्तलाई स्वीकार गरी राखेको सुसारे किन जान खोज्दै छे ।" सुनन्दाले मनमनै सोचिन् ।

दमयन्तीको साम् सुनन्दालाई देखेपछि दमयन्ती आतिइन् र आँखाबाट आँसु निकाल्न थालिन् । आफूले केहीँ नभने तापनि दमयन्तीलाई किन आफू भाग्न खोजेको र मध्यरातमा रोएको कुराबारे सोधिन् । दमयन्तीले अब आफ्नो परिचय लुकाउन सकिनन् र आफू दमयन्ती र सुनन्दाको बहिनीकी छोरी हो भन्ने कुरा बताइन् । कयौँ वर्षपछि आफ्नी बहिनीको छोरीलाई आफू समक्ष पाउँदा खुसीले गद्गद् भएकी सुनन्दाले दमयन्तीलाई कसेर अङ्कमाल गरिन् र टाउको मुसारिन् । त्यस्ती राम्री दमयन्ती कसरी यस्ती बौलाही भएको कुरा सुनन्दाले सोधिन् । दमयन्तीले पनि आफूले कयौँ दिनदेखि आफ्नो पति नललाई खोजिरहेको कुरा बताइन् । आफ्नो छोरीको त्यस्तो कुरा सुनेपछि सुनन्दाले दमयन्तीलाई भनिन् "छोरी ! त्यसरी तिमीलाई राति एक्लै केही नभनी छोडेर जाने नललाई किन तिमीले यसरी खोजेको ? तिमीले अहिलेसम्म जे गर्‍यौ त्यो तिम्रो धर्म थियो, अब तिमीले आफूलाई धेरै दुःख दिनु हुँदैन । कति पर्खन्छौ त्यो नललाई, यदि नलले तिमीलाई माया गर्छ भने पक्कै ऊ जुन बाटोबाट भागेको थियो त्यहीँ बाटोबाट फर्किने छ ।"

"तिमी घर फर्किउ र छोरा छोरीको ख्याल राख, नल नभए के भयो त ? तिम्रो आफ्नै सन्तान छन् । तिमी आफ्नो जिन्दगी आफैँ बिताउन सक्छौ । हामी, मानिस एक्लै यो संसारमा आएका थियौँ एक्लै यो संसारबाट बिदा लिनु पर्छ ।" सुनन्दाको यस्तो कुरा सुनेर दमयन्तीको आँखा खुल्यो र सुनन्दालाई आफू फेरि घर फर्किने कुरा बताइन् । सुनन्दाले पनि आफ्नो सेवकलाई भनी दमयन्तीलाई सकुशल गाउँ फर्काइन् । त्यसपछि दमयन्तीले आफ्नो छोराछोरीको हेरबिचार गरी नल बारे केही नसोची जिन्दगी बिताउने निश्चय गरिन् ।

केही वर्षपछि पनि नलबारे केही थाहा पाइएन र दमयन्तीले पनि अब एक्लै आफ्नो सन्तानका लागि जिउन सिकिन् र सारा गाउँ अगाडि उदाहरणीय व्यक्ति भइन् ।

*कक्षा: १२, हेटौंडा स्कूल अफ म्यानेजमेन्ट*

# मेरो सपना



अग्रिम दाहाल

विद्यार्थी भइन्जेल राम्रोसँग पढ्ने छु ।
सपना पूरा गर्नलाई सधैं अघि बढ्ने छु ।
डाक्टर बनी मेरे इच्छा सबको सेवा गर्ने
जिन्दगीको मेरो लक्ष्य सधैं अघि बढ्ने

मेरो सपना हो असल डाक्टर बन्ने
त्यही पेसालाई अपनाएर म ठुलो बन्ने
सहयोगी भावराखी सत्कर्मलाई रोज्ने
काम गरी परिश्रमले देश पनि सिगार्ने

बिरामीको उपचार गरी रोग निको पार्छु ।
सबैसँग हातेमालो गर्दै म अघि बढ्छु ।

*कक्षा-४, कमाने एकेडेमी, हेटौँडा-८*



# चित्रकला



**दिपासना थापा**
कक्षाः- १०
जिएस निकेतन, हेटौंडा-५





**समृद्धि श्रेष्ठ**
कक्षाः- २
ब्रम्हदिक् एकेडेमी, हेटौंडा-४

# मायारुपि सागर



सिएम रिमाल

प्रेम,
एक ईश्वर शक्ति
जसले हृदयलाई जोड्दछ,
सांसारिक भागहरू तोडेर
आत्माहरूलाई गाँस्दछ
यो अचम्मको, जीवन्त
फूल जस्तै फुल्छ,
यसले जादुई शक्तिमा
प्रेमीहरूलाई अँगाल्छ

शब्दहरूलाई मायारुपि
सागरमा पौडँदै
रसायुक्त भाव व्यक्त गर्दै
प्रत्येक पलपलको
गहिराइमा डुब्छ
हामीले गरेको प्रेमलाई
आलिङ्गन गर्दै

भक्तिको नृत्यमा रमाउँदै
सामञ्जस्यपूर्ण गतिमा
बजाइएको सिम्फोनी
यो चाँदनी रातहरूमा
मनमोहक कानाखुसी गर्छ,
नयाँ उचाइहरू प्रज्वलित गर्दै
जोशको अङ्गालोमा डुबेर

परीक्षा र सङ्कटहरूमा
प्रेम कायम रहन्छ,
आशाको किरण,
प्रेमले भरिएको प्रयास
हरेक पल बाँड्दा,
सम्झनाहरु बढ्दै जान्छ,
नदीको बहाव जस्तै स्थिर र स्थायी

प्रेम सूर्यको किरण हो,
यसको किरणहरूले
हृदयलाई न्यानो पार्छ,
जीवनको भ्रमपूर्ण
भूलभुलैयामार्फत
आत्माहरूलाई मार्गदर्शन गर्दै

यसले कुनै सीमाना खोज्दैन,
सबै पार गर्दै,
जीवनलाई आनन्द भर्दै
हृदयलाई मोहित बनाउँछ

प्रेमले प्रेरणा, प्रज्वलित,
र सम्झाउन सक्छ,
यसको सबै रूपहरूमा
मानवजातिको बन्धन
मेरो हृदयको गहिराइमा
एक महान भावना
प्रेम बालुवामा
फूल जस्तै फुल्छ र
मरुभूमिमा नयाँ पालुवा पलाउँछ
यो अनुग्रहसँग नाच्छ,
कोमल हावा जस्तै,
संसार भर्दै

प्रेम
नदी जस्तै,
शुद्ध र बलियो बग्छ,
भावनाहरू बोक्ने
जुन कहिल्यै गलत हुनै सक्दैन
यो लोरी जस्तै
मीठो शब्दहरू कानाखुसी गर्छ,
दिनहरू बित्दै जाँदा
सान्त्वना र आनन्द ल्याउँदै
सबको मनमा बास गर्छ

दुई प्राणीहरूलाई एकताबद्ध गर्दै
पूर्ण बनाउँछ
यो रातको अन्धकारमा
उज्यालो हो,
यसको जादुई शक्तिसँग
बन्छ हाम्रो मार्ग निर्देशन

प्रेम
अनन्त ज्वाला
जो कहिल्यै ओइलाउँदैन
प्रत्येक नयाँ दिनको
सामना गर्न बल र साहस दिन्छ
यो हृदयको सिम्फोनी हो
एक बन्धन सिर्जना गर्दै
जुन अनन्त:सम्म रहन्छ

यसलाई खुल्ला हातले अङ्गाल्नुस्
यसलाई तपाईंको
मार्गदर्शक बन्न दिनुहोस्,
किनकी प्रेम आफूभित्र रहेको
सबैभन्दा ठूलो उपहार हो

# जिन्दगीका गोरेटाहरु

## भाग-४



प्रमिता कार्की

राष्ट्रिय गान सक्किएसँगै म कक्षाभित्र प्रवेश गरेँ । बच्चाहरु सबैले गुड मर्निङ भन्न थाले र मैले पनि गुड मर्निङको अभिभावदन फर्काएँ । त्यसपछि हाम्रो आजको कक्षा सुरु भयो । सबैभन्दा पहिले गाइडेड रिडिङ गर्‍यौं २० मिनेटसम्म अनि त्यसपश्चात विषयवस्तुतिर प्रवेश गर्‍यौँ । पहिलो घण्टी अंग्रेजीको थियो । आजको पाठयोजनामा पङ्चुएसन पढाउनुपर्ने छ भन्दै म स्लाइड खोल्न थालेँ । अंग्रेजीको कक्षा सक्किन नपाउँदै साथीको मेसेज आयो, जसमा लेखिएको थियो "प्रमिता आज त फर्म भर्ने अन्तिम दिन हो नि, भर्‍यौ कि नाइँ ?" म त एकछिन छाँगाबाट खसेको जस्तो भएँ । अन्तिम दिन रे फर्म भरेको छैन ! लौ न बर्बाद हुने भो नि त ! भनेर आत्तिदै आफुलाई पढाउने सरलाई फोन गर्न थालेँ ! फोन दुई घण्टीमै उठ्यो ।

"सअअर" चेपारे स्वरमा भनेँ ! "हजुर भन्नुस् कार्की जी" उताबाट रिप्लाई आयो । "अनि आज त अन्तिम दिन रे नि त एक्जाम फर्म भर्ने" अझै चेपारे स्वरमा थपेँ । "हो हो भर्नुस् है !" उताबाट भन्नुभयो । "सर त्यो त भरम्ला, अनि फि तिर्न क्यास नै चाहिने होकि क्युआर स्युआर पनि हुन्छ ?" मैले अर्को प्रश्न थपेँ । सरले "अहँ छैन छैन, क्यास नै हो" भन्नुभयो । मसँग त क्यास छैन त सर ! अहिलेको जमानामा नि कस्तो क्यास नै चाहिने हो, क्युआर राख्न पर्दैन ? मैले अलि रिसाएझैं गरी भनेँ । अब के गर्नु त छैन भनेर सरले भन्नुभयो । "अनि मेरो त छुट्टि हुँदा त ५ बज्छ नि सर प्रशासन बन्द भैसक्छ के गर्नु ? मेरो मिहिनेत त पानीमै जाने भो !" मैले बडो दुःख र खिन्न हुँदै भनेँ । "केही छैन तिमी बेलुका पढ्न आउँदा मलाई देउ म मिलाइदिउँला नि !" सरले भन्नुभयो ।

बल्ल मनमा थोरै शान्ति मिल्यो । तर साँच्चै भन्नुपर्दा आज मन त्यतै क्याम्पसतिरै थियो । आफुलाई कहिले क्याम्पस जाउँ र एक्जाम फर्म भरम भैराखेको थियो । क्यास चाहिने रे अब न स्कुलबाट मिल्छ कि मैले बैंक खातामा क्युआर गरिदिएँ भनेँ स्कुलले क्यास देला कि नदेला भन्ने दोधारमा थिएँ । अनि सँगै पढाउने मेरो साथीलाई सोधेँ, "मायालु, मलाई क्यास चाहिएको थियो, के स्कुललाई क्युआर गरिदिएर मलाई सट्टामा क्यास देला त ?" बुझ्नु पर्छ, न दिन्छ कि जाउ न प्रशासनमा । यस्तो जवाफ आएसी दायाँबायाँ नसोची गएँ । स्कूल प्रशासनमा गएर सोधेँ तर मिल्दैन भन्नुभयो । अनि फर्किएँ फेरि आफ्नै कक्षामा ।

अब बेलुका एटीएमबाट झिक्छु अनि जान्छु सोचेँ । आज मैले खासै धेरै विषय पढाउनुपर्ने थिएन । जम्मा दुईवटा मात्रै थियो । जसोतसो आजको दिन स्कुलमा सक्कियो । तर मेरो मन चाहिँ अझै त्यहि एक्जाम फर्म मै अड्किरहेको थियो...!!

# बाल्यकालको सम्झना



सुमिज्ञा धिताल

जिन्दगीको यात्रा गर्दै आउने क्रममा
आज फेरी त्यो बाल्यकालको याद आयो

कति अविस्मरणीय थिए ति पलहरु
जहाँ मिठास अनि मायाले भरिएको

भुलेको छैन नि पलहरु जहाँ
खेलेका थियौं कहिले रुमाल लुकाई त कहिले डण्डीबियो

आज फेरी याद आयो ति पलहरुको
जिन्दगीको सबैभन्दा महत्वपूर्ण पलहरु

बाल्यकाल रहेछ
त्यसैले त बाल्यकाल जस्तो अमुल्य अरु नहुँदो रहेछ

*कक्षा-६, रेडरोज इंग्लिस सेकेण्डरी बोर्डिङ स्कूल, हेटौँडा-१६*

**तपाईका साहित्यिक रचनाहरू समृद्ध समाज दैनिकमा प्रकाशन गर्ने ईच्छा भए**

sambridhasamaj@gmail.com

# चोट

## लघुकथा



श्यामप्रसाद श्रेष्ठ

रुँदै दौडिरहेको एउटा गधालाई देखेर कुकुरले भन्यो, " ए गधा भाई ! यसरी रोएर कहाँ दौडिदैछौ ?"

"कुकुर दाई ! मलाई केही नसोध्नुहोस् ! यो छातिमा ठूलो चोट लागेको छ, यसैले म भीरबाट हामफालेर आत्महत्या गर्न जाँदैछु ।"

"होइन, गधा भाई ! त्यस्तो के चोट पर्‍यो र आत्महत्या गर्न जाँदैछौ ?"

गधा दौडिन छोडेर कुकुरतर्फ हेर्दै भन्यो, "के बाँच्नु आत्मसम्मानमा ठुलो चोट लाग्यो ?"

"भनन, कस्तो चोट लाग्यो ?"

"मानिसहरु चोकमा भन्दै थियो, खोई मैले बिर्सें ? कुन चाहिँ नेतालाई हो भोट दिने सबै जनता गधा हो रे । ल भन हामी जस्तो इमान्दार जन्तुलाई त्यो लोभीपापी जनतासँग दाँजेपछि हाम्रो आत्मसम्मानमा ठेस लाग्छ कि लाग्दैन ? यसैले म आत्महत्या गर्न जाँदै छु, मलाई नरोक्नु होला, कुकुर दाई !"

"यहाँ सुन गधा भाई ! समस्याको समाधान आत्महत्या होइन, यो त कायरता हो । समस्याको समाधानको नाम नै जीवन हो, जीवन नै संघर्ष हो । यस्तो चोट दिनेहरु कति आए जीवनमा, तर संघर्षको अगाडि कोहि टिक्न सकेनन् ।"

"कुकुर दाई ! हजुरलाई कस्तो चोट लागेको थियो भन्नुहोस न !"

"ल सुन एकदिन छ नि एउटा मन्त्रीले खोइ के खान हुने नहुने के खाएको रहेछ । अनि एकजनाले "कुकुरले खाएको जस्तो गरी खायो" भनेर भन्यो । ल भन गधा भाई ! तिम्रो तुलना जनतासँग गर्दा त तिमी आत्महत्या गर्न हिँड्यौ भने मेरो तुलना त त्यो भ्रष्टाचारी मन्त्रीसँग गर्दा तिमी नै भन त्यसबेला मेरो आत्मसम्मानमा कति चोट लाग्यो होला ?"

*हेटौँडा-६, चौघडा*

# मेरो परिचय



✍ **आरोग्य खनाल**

आरोग्य हो मेरो नाम
पढ्ने हो मेरो काम

सबैसँग मिलेर
हिँड्छु म त डुलेर

अरुलाई मद्दत गर्नु हो मेरो काम
मद्दत गरेपछि मात्र खान्छु मैले माम

मनपर्छ मलाई खेल खेल्न
आउँछ मलाई रोटी बेल्न

मनपर्छ मलाई किताब पढ्न
मेरो इच्छा छ अझैँ अघि बढ्न

लेख्न म धेरै रुचाउँछु
ज्ञानी भई सबैको मन बुझाउँछु

म गर्छु सबैलाई सम्मान
गर्दिनँ अरुलाई अपमान

म पढ्न लेख्न धेरै नै रुचाउँछु
ज्ञानी बनी सबैको मन बुझाउँछु

असल मानिस बन्ने छ चाहना
पढ्न, लेख्न गर्दिनँ बाहाना

*कक्षा-५, नवोदय शिशु सदन*

# मौसम



✍ **सौरवी गिरी**

कहिले घाम त कहिले पानी
मौसमको कारण घाम आउनी अनि जानी
हामीदेखि पर्छ दंग
मौसमको हुन्छ धेरै रंग

घामले पोल्दा दिक्क लाग्छ
गर्मीमा नुहाउन जाँगर लाग्छ
बर्खा आउँदा सबैतिर
हरियाली छाउँछ जंगलतिर

घामपानी पर्छ, असिना झर्छ
मौसमले धेरै नाटक गर्छ

*कक्षा-४, कमाने एकेडेमी, हेटौँडा-८*

# विद्यार्थी जीवन



✍ **दिलास्मा खड्का**

हुन्न है सजिलो
विद्यार्थीको जीवन
कडा मिहेनत गरेर मात्र
पाउँछन् विद्यार्थीले
सफलताको मिलन
धेरै बाधाको साथ सङ्घर्ष
विद्यार्थीले गर्छन्
आफ्नो साथीसँगै मिली
जीवनमा अघि सर्छन्

गाली, पिटाईको साथ
स्याबासी पनि विद्यार्थीले पाउँछन्
असल बाटोमा हिँडी
ठूलो मानिस बन्ने
लक्ष्य नै राख्छन्
८, ९, १० का विद्यार्थीले त झन
मिहिनेत नै गर्छैन् सबेरै उठेर
विद्यालय र आमाबुबालाई
खुसी पार्छन्
आफ्नो पढाइको
कमजोरीसँग लडेर ।

लिई विभिन्न कार्यक्रमहरुमा
भाग बढाउन
विद्यार्थी आफ्नो विद्यालयको सान
समयलाई ध्यानमा राखी
पार्छन् है काम
बाहिरी कुरामा जान दिँदैनन् है
आफ्नो सारा ध्यान

*कक्षा-१०, नवोदय शिशु सदन*

## गाउँखाने कथा

१. ठूलो भीरमा पानी कुवा ।
- आँखा

२. तल पनि दाऱ्ही माथि पनि दाऱ्ही, त्यो हो गाउँको विचारी ।
- कुखुरा भाले

३. तल फुकेको, माथि फुकेको, बीचमा सुकेको, मान्छे बोकेको ।
- मुढा (बस्ने)

४. चिस्याउनमा बस्ने पगरी गुत्ने, मान्छेले देखे खाऊँ भनी थुत्ने ।
- च्याउ

- ५. चोर्छ चोर होइन, गुफामा बस्छ बाघ होइन, पुलिसले लखेट्छ मान्छे होइन ।
- मुसो

# भेदभावको समाज



✍ **विधि गोर्खाली**

भेदभाव कसले बनायो यो शब्दलाई
सवाल उठाउँछु म यो समाजलाई

सानो मानिस ठूलो मानिस अघि
झुक्नुपर्छ भनेर नियम कसले बनायो
छोरालाई पढ्ने अधिकार र
छोरीलाई भेदभाव
कस्तो अनौठो समाज यो

जब मिलेर काम गर्न सकिन्छ
किन भेदभावको बाटो छुने
जब हात हातमा मिलाएर नाम

कमाउन सकिन्छ किन
भेदभाव बाटो हुने
सवाल उठाउँछ म यो समाजलाई
विधि गोर्खाली
*कक्षा-५, नवोदय शिशु सदन*

# म र मेरो परिश्रम



✍ **नितिशा ढकाल**

पढ्ने, लेख्ने मिहिनेत गर्ने यही नै हो मेरो काम
एकदिन सफल भएर कमाउनु छ मरो मेरो परिवारको नाम ॥
सफल हुन्छु भनेर आशा नराखेको होइन नि
हो म हारेँ त पक्कै होला तर हरेस खाको छैन नि ॥

अरुको सफलतामा मलाई कहिले डाहा नै भएन
हाँस्छु भन्दाभन्दै आँखाबाट आँसु झरेको थाहा नै भएन ॥
नेताहरूको एकआपसमा खुट्टा तान्ने बाहाना छ
मलाई भने आफ्नो काम आफैँ गर्ने चाहना छ ॥

*कक्षा-६, रेडरोज इङ्गिलस स्कुल, हेटौँडा-१६*

# सातको राशिफल



**पं. ज्यो. तोयानाथ सुवेदी**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष राशि**: उचित काममा निर्णय लिन सकिने समय योग छ । कामको दबाब बढ्ने छ । लगनशीलता र श्रमले राम्रो फाइदा दिलाउँला । स्वादिष्ट भोजनको समय छ । धार्मिक तथा आध्यात्मिक कार्यमा समय व्यतित होला । शारीरिक उर्जामा वृद्धि हुनेछ । रिसराग, घमण्ड र अहंकारबाट टाढा रहँदा राम्रो । पढाइ–लेखाइ मध्यम छ । आय बढ्ने समय योग पनि छ ।

**वृष राशि**: विवाद, मुद्धामामिला र प्रतिस्पर्धाका क्षेत्रबाट फाइदा लिन सकिने समय योग छ । आर्थिक संकट झेल्नुपर्ला । तिर्थयात्रामा सरिक भइएला । अनावश्यक खर्च बढ्न सक्ने छ । व्यापार–व्यवसाय ठिकै छ । परिबन्ध र बाध्यताका काममा रुमल्लिनु पर्ला । महत्वकांक्षा नराख्दा राम्रो होला । घरपरिवारसँगको सम्बन्ध ठिकै रहला । अध्ययन–अध्यापन ठिकै रहने समय छ ।

**मिथुन राशि**: लाभको विषयमा चिन्तन गर्ने र काम थाल्ने समय छ । मान–सम्मान प्रतिष्ठा प्राप्त होला । व्यापार तथा साँझेदारी कामबाट लाभ प्राप्त होला । आलोचना गर्ने व्यक्तिको मनोबल बढ्ला । राजनैतिक र सामाजिक कामबाट लाभ प्राप्त हुने समय छ । अध्ययन–अध्यापनबाट लाभ प्राप्त होला । स्थानान्तरणको समय योग छ । माङ्गलिक कार्य होला ।

**कर्कट राशि**: समय ठिकै छ । कार्यक्षेत्रमा हाकिमको र मातापिताको सेवामा समय बित्ला । दीर्घकालिक योजना र विचारलाई कार्यान्वयन गर्ने प्रयास गरेमा सफलता मिल्ने छ । जीवनसाथीको माया र सहानुभूति प्राप्त होला । व्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ ।

**सिंह राशि**: अरुको उपलब्धि देखेर आनन्द बढ्ला । धनार्जनका दृष्टिले समय राम्रो छ । दानपुण्य र परोपकारी काममा खर्च गर्न सकिन्छ । मानसिक शान्ति प्राप्त होला । अरुको मनको बह सुनेर सान्तवना दिने समय छ । काम विशेषले कार्यक्षेत्रबाट बाहिरिनु पर्ने हुन्छ । कार्यस्थलमा विशेष भूमिका निर्वाह होला । व्यापार–व्यवसाय ठिकै छ । पढाइ–लेखाइ मध्यम छ ।

**कन्या राशि**: जोखिम र संटले घेरेको समय छ । धेरै बटुल्ने इच्छा गर्दा गुमेको थाहा हुँदैन । महत्वकांक्षालाई थाती राख्दा राम्रो । संयमताले काम गर्दा राम्रो रहन्छ । व्यापार–व्यवसाय त्यति अनुकूल छैन । पढाइ–लेखाइ राम्रो रहन्छ । पारिवारीक वातावरण सामान्य रहला । मन अशान्त बन्न सक्छ । अध्ययन– अध्यापन ठिकै रहला । धन सम्पत्तिले तनाब बढ्ला ।

**तुला राशि**: प्राविधिक क्षेत्रमा खर्च बढ्ला । व्यक्तित्वको चर्चा बढ्ने समय छ । महत्वपूर्ण कामहरु छोटो समयमा पूरा होला । पारिवारीक जमघट भेटघाटले आनन्द प्राप्त होला । सामाजिक र धार्मिक क्षेत्रमा समय व्यतित होला । व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ । अध्ययन–अध्यापन ठिकै रहन्छ । गुप्त र रहस्यमय सुख प्राप्त गर्ने समय योग छ ।

**वृश्चिक राशि**: कार्यसम्पादनबाट अधिकत्तम सन्तुष्टि हाशिल गर्ने समय छ । मानसिक स्वस्थता बढ्ने समय छ । धार्मिक वा पारस्परिक क्रियाकलापमा चासो बढ्ने समय छ । बन्दव्यापारमा गतिरोध समाप्त हुनेछ । शेयर कारोबारबाट लाभ प्राप्त हुने समय छ । मस्तिष्कलाई बोझ बढ्ला । कार्यक्षेत्रमा प्रशंसा बढ्नेछ । प्रतिस्पर्धा र परीक्षामा सफलता प्राप्त हुने समय योग देखिन्छ ।

**धनु राशि**: समय ठिकै छ । गोपनिय ढंगले गरेका क्रियाकलापमा सफलता प्राप्त होला । पढाइ–लेखाइमा प्रगति हुनेछ । बुद्धिको उपयोगले लक्ष्य पहिल्याउन सकिने समय छ । रचनात्मक कार्यमा जुटिने समय छ । पारिवारीक वातावरण रमाइलो बन्ला । धार्मिक तथा सामाजिक काममा सरिक भइने समय योग छ । नयाँ कामको थालनी होला ।

**मकर राशि**: स्वास्थ्य स्थितिमा उचारचढाप बढ्ला । कल्पना र भावनामा रमाइने समय छ । आफन्तको व्यवहार त्यति मन पर्दैन । व्यापार–व्यवसाय मध्यम फलदायी छ । साहित्यका क्षेत्रमा सरिक भइएला । विश्वासको संकट देखापर्ला । नकारात्मक उर्जामा वृद्धि होला । अचानक व्ययभार बढ्ला । धार्मिक र सामाजिक काममा सरिक भइने छ । पढाइ भन्दा लेखाइ ठिक छ ।

**कुम्भ राशि**: सामाजिक तथा सांगठनिक काममा सरिक भइने छ । धन सम्पत्ति आय र व्यय दुवै हुनेछ । सेवामूलक र परोपकारी कामबाट धनधान्य प्राप्त होला । आफन्तको सहयोगले मन फुरुङ्ग होला । कार्यक्षेत्रमा मन जाला । धार्मिक तथा सामाजिक कामबाट भाग्य वृद्धि होला । परीक्षा र प्रतियोगितामा सफलता प्राप्त होला । सहयोगीले साथ दिनेछन् ।

**मीन राशि**: हातमा अचानक धन प्राप्त हुनेछ । रोकिएका वा फसेका कामहरु बन्नेछन् । हर्ष,आनन्द बढ्ला । व्यापार–व्यवसाय ठिकै रहला । आनन्दको चिन्ताले सताउला । बोलीले सेवाग्राही असन्तुष्ट र रुष्ट बन्लान् । अभिव्यक्तिकलाले मान सम्मान प्राप्त । अध्ययन– अध्यापन ठिकै रहला । स्पष्टसँग धारणा राख्दा पहिचान कायम होला ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज
सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

We Are Open
हाम्रो सेवाहरू:

- ताजा तरकारी/फलफूल होलसेल तथा खुद्रा बिक्री गरिन्छ ।
- फ्रेस जुस/फ्रुट सलाद पार्टी सेमिनारको लागि प्याकिङको पनि व्यवस्था छ ।
- BUBBLE TEA, SMOOTHIES, MILKSHAKE, LASSI
- लोकल अन्नबाली
- ग्रीन प्लान्ट/गमला
- व्यावसायिक कृषि सम्बन्धि आवश्यक परामर्श सेवाहरु

सम्पर्क: ९८४५४३८८६०/०५७-५९११५९
DURBAR AGRO MART
Hetauda–4, Shitalmahal road

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

स्वादिष्ट नेवारी खाजा

अब
होटल बासुकला (फास्टफुड) मा
स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायत
सुख्खा रोटी, आलु पराठा, फ्राइ राइस, मटन मम, बिरयानी, कोन डग, सेकुवा, चिकेन क्रन्ची,
होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।
०५७-५२६०१३

# अमेरिकाका प्रज्वलको "चित्रलेखाको चौरासी"माथि हेटौँडामा परिचर्चा




आफ्नो कृतिमाथिको परिचर्चामा सहभागी हुनुहुँदै लेखक प्रज्वल पराजुली ।

समाज संवाददाता

हेटौँडाः अमेरिकामा बसोबास गरिर हनुभएका भारतीय मूलका नेपाली प्रज्वल पराजुलीको कृति "चित्रलेखाको चौरासी" माथि शुक्रबार बिहान हेटौँडामा परिचर्चा भएको छ । अंग्रेजी भाषामा लेखिएको "ल्याण्ड ह्वेयर आई फ्ली" उपन्यासको नेपाली अनुवादको रुपमा "चित्रलेखाको चौरासी" नेपालयले प्रकाशन गरेको हो । हेटौँडा क्याम्पसको नेपाली शिक्षा विभागको आयोजना तथा किताबघरको संयोजनमा परिचर्चा कार्यक्रम भएको हो ।

परिचर्चामा पुस्तकका लेखक प्रज्वल पराजुलीले "चित्रलेखाको चौरासी" उच्चमध्यम परिवारको कथा भएको उल्लेख गर्नुभयो । ५ दिनअघि मात्रै नेपाल आउनुभएका प्रज्वलले आफ्नो नेपाली भाषा बोल्ने क्षमतामा क्रमशः सुधार भइरहेको उल्लेख गर्नुहुँदै नेपाली भाषामै कथाको कल्पना गरेर तयार पारिएको अंग्रेजी उपन्यासको नेपाली अनुवादको रुपमा चित्रलेखाको चौरासी तयार भएको बताउनुभयो । नेपाली भाषामा अनुवाद भएको चित्रलेखाको चौरासी लेखक आफैँले नेपाली भाषामा भने अध्ययन गरिसक्न भ्याउनुभएको छैन ।

पहिलो पटक हेटौँडा आउनुएका प्रज्वललाई हेटौँडाको भुगोल रमणीय लागेको छ । भारतको सिक्किममा जन्मे, हुर्केका प्रज्वलको मामघर ईलाम जिल्लाको जमुनामा छ । २८ वर्षअघि मामाघर पुग्नुभएका प्रज्वलको अंग्रेजी भाषामा लेखिएको उपन्यास "ल्याण्ड ह्वेयर आई फ्ली" पढ्दै गर्दा बेलायती, अमेरिकी मूलकै अंग्रेजी भाषी पाठकले यो अरु कुनै भाषाबाट अनुवाद गरिएको कृति जस्तै छ भन्ने प्रतिक्रियाले मनभित्रैबाट खुसी लाग्ने गरेको बताउनुहुन्छ । हेटौँडामा शुक्रबार बिहानको परिचर्चापछि शुक्रबार दिउँसो नवलपुरको गैँडाकोटमा पनि परिचर्चा भएको छ । शनिबार पोखरामा समेत परि चर्चा गर्ने तयारीमा रहनुभएका लेखक प्रज्वलले चित्रलेखाको चौरासी कृति आफ्नै घर आएको जस्तै लागिरहेको बताउनुभयो ।

सानै छँदा भारतीय लेखकका अंग्रेजी भाषाको किताब पढ्ने गरेको र ती कृतिमा परिवारका ज्येष्ठ महिला, हजुरआमाहरुको कथाबाट प्रभावित भएर "ल्याण्ड ह्वेयर आई फ्ली" को नेपाली अनुवादको शीर्षक "चित्रलेखाको चरित्र" कल्पना गरेको बताउनुभयो । अमेरिकी, बेलायती पुरस्कारका लागि मनोनयनमा परेको उपन्यासको नेपाली अनुवाद विभु लुइटेलले गर्नुभएको हो । यसअघि प्रज्वलको "द गुर्खाज डटर" पनि चर्चित छ । "द गुर्खाज डटर" को पनि नेपाली अनुवाद "गोर्खाकी छोरी" नेपालयले नै प्रकाशन गरेको छ ।

"चित्रलेखाको चौरासी" माथि हेटौँडा क्याम्पसका नेपाल विषयका उपप्राध्यापक मनोज पोखरेलले टिप्पणी गर्नुभएको थियो । कार्यक्रममा दार्जिलिङ माइती भएकी हेटौँडा-३ स्थित शिक्षा विकास शिशु सदनकी प्रिन्सीपल ग्रेस श्रेष्ठले पनि पाठकीय टिप्पणी राख्नुभएको थियो ।

# जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड पुसमा

समाज संवाददाता

हेटौंडाः जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता पुस मसान्तभित्र सम्पन्न गर्न प्रदेश खेलकुद विकास परिषद्ले जिल्ला खेलकुद विकास समितिलाई निर्देशन दिएको छ । परिषद्ले भदौ १८ गते बागमती प्रदेशका १३ वटै जिल्ला खेलकुद विकास समितिलाई पत्राचार गरी प्रतियोगिता सञ्चालन गर्न निर्देशन दिएको हो ।

प्रतियोगितालाई उत्सवको रूपमा मनाउन तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका २०७० अनुसार स्थानीय तहसँग समन्वय गरी पुस मसान्तसम्म जिल्ला छनौट कार्य सम्पन्न गर्नका भनिएको छ । जिल्लास्थित सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्रतियोगिता सञ्चालनसम्बन्धी जानकारी गराएर सहभागिताका लागि भाद्र मसान्तसम्ममा अनिवार्य पत्राचार गर्न आग्रह गरिएको छ ।

स्थानीय तहको प्रतियोगिता मंसिरसम्म, जिल्लास्तरीय प्रतियोगिता पुस मसान्तसम्म, प्रदेशस्तरीय प्रतियोगिता माघ मसान्तसम्म र केन्द्रीयस्तरको प्रतियोगिता फागुन तेस्रो हप्तामा सञ्चालन गरिने पत्राचारमार्फत् जानकारी गराइएको छ । राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता विद्यालय तहका विद्यार्थीको उल्लेख्य सहभागिता रहने प्रतियोगिता हो ।

# आँचलद्वारा वृद्धाश्रममा खाद्यान्न सहयोग




खाद्यान्न सामग्री हस्तान्तरण गरिँदै ।

समाज संवाददाता

हेटौँडाः महिला साहित्यकारहरुको संस्था आँचल साहित्य कला पुञ्ज मकवानपुरले हेटौँडा-२, चौकीटोलमा र हेको ओम वृद्धाश्रममा खाद्यान्न सहयोग गरेको छ । तीज पर्वको सन्दर्भमा शुक्रबार बिहान वृद्धाश्रमलाई ७ हजार रुपैयाँ बर ाबरको खाद्यान्न सहयोग गरेको आँचल साहित्य कला पुञ्ज मकवानपुरकी अध्यक्ष भावना सापकोटाले जानकारी दिनुभयो ।

आश्रममा रहनु भएका वृद्धवृद्धालाई बिहानी खाजाको रुपमा दुध पाउरोटी वितरण गरिएको र खाद्यान्नमा चामल, दाल, नुन, तेल, चियापत्ति, आलु, गेडागुडीसँगै सरसफाईका लागि साबुन, सरफ, मन्जन सहयोग गरेको उहाँले जानकारी दिनुभयो । कार्यक्रम आँचलका कार्यसमिति पदाधिकारीको उपस्थित रहेको थियो । वृद्धाश्रममा २५ जना वृद्धवृद्धा आश्रित छन् । आँचलले तीज विशेषमा हरेक वर्ष फरक-फरक कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

# विद्यार्थीका व्यावसायिक योजनाको प्रस्तुती

समाज संवादादाता

हेटौंडाः हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सेसको नव उद्यमशाला एकेडेमिक इन्कुवेशन कार्यक्रममा सहभागी विद्यार्थीको सात वटा समूहको व्यावसायिक योजना प्रस्तुती कार्यक्रम सम्पन्न भएको छ । शुक्रबार एक समारोहका बीच सरोकारवालाको उपस्थितिमा सात वटा समूहमा सहभागी २३ जना विद्यार्थीको समूहले आ-आफ्ना योजना प्रस्तुत गरेका हुन् ।

स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई सहभागी हुन आव्हान गर्दै म्यानेजमेन्टले ४ महिनाअघि एकेडेमीको सुरुवात गरिएको थियो । म्यानेजमेन्टले ४ महिनाको अवधिमा विद्यार्थीलाई सहजीकरण गरेर व्यावसायिक योजना बनाएका हुन् । प्रस्तुतीपछि निर्णायकले उत्कृष्ट तीन वटा समूह घोषणा गरिएको छ । प्रस्तुतीका आधारमा "द एड मेकर" प्रथम, "रेन्टल प्याराडाइज" द्वितीय र "हेल्दी वे" तृतीय घोषित गरिएको छ । उत्कृष्ट योजनालाई कलेजले फिर्ता गर्नुपर्ने गरी ५० हजार रुपैयाँदेखि एक लाख रुपैयाँसम्म बीउ पुँजी समेत प्रदान गरिने म्यानेजमेन्टमा शैक्षिक निर्देशक दिपेश जोशीले जानकारी दिनुभएको छ ।

हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसिएल साइन्सेसका प्रिन्सीपल पुरनबहादुर जोशीको अध्यक्षता तथा विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष देवराज अधिकारीको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । विद्यार्थीको व्यावसायिक योजनाको प्रस्तुतीपछि आयोगका अध्यक्ष अधिकारीले क्याम्पसहरुले विद्यार्थीलाई पढाउने मात्रै नभई सिकाउने अवस्था हुनुपर्ने बताउनुभयो । आयोगले देशका १८ क्याम्पससँग सहकार्य गरेकोमा हेटौँडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसिएल साइन्सेस र पुल्चोक इन्जिनियरिङ क्याम्पसले मात्रै विद्यार्थीका लागि उद्यमशाला एकेडेमी सञ्चालन गरेको जानकारी गराउनुभयो ।

विद्यार्थीलाई सहजीकरण गरेर उद्यमशीलता विकास गरिनुपर्ने बताउनुहुँदै आयोगका अध्यक्ष अधिकारीले नीति निर्माता, राजनीतिकर्मीलाई पनि कलेज गर्दै आएको यस किमिसको कामबारे जानकारी गराउनु पर्ने धारणा राख्नुभयो । विश्वविद्यालय अनुदान आयोगले पनि विद्यार्थीलाई सहयोग गर्ने जानकारी दिनुहुँदै अध्यक्ष अधिकारीले भन्नुभयो, "विद्यार्थीले बनाउने योजनामा आयोगले बीउ पुँजी समेत उपलब्ध गराउँछ । तपाइँहरुले आफ्ना व्यावसायिक योजना कलेजमार्फत पठाउनुस् । आयोगले तपाइँहरुको योजनामा सहयोग गर्नेछ ।"

हेटौँडा स्कूल अफ म्यानेजमेन्टले ३ वर्षदेखि अन्तरप्रेरणासँगको सहकार्यमा स्नातक र स्नातक तहमा अध्ययनरत विद्यार्थीका लागि इन्कुवेशन सेन्टर सञ्चालन गर्दै आएको छ । शुक्रबारको कार्यक्रममा उद्योग संघ मकवानपुरका अध्यक्ष स्वागतराज प्याकुरेलले म्यानेजमेन्टले उदाहरणीय कार्य गरेको र म्यानेजमेन्टकै सिको गरेर उद्योग संघले पनि इन्कुवेशन सेन्टर स्थापना गरेको जानकारी दिनुभयो ।

# बकैयामा फुटबल प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बकैया गाउँपालिकामा खुला नकआउट फुटबल प्रतियोगिता हुने भएको छ । आगामी मंगलबारबाट कोन्ज्योसोम अनलाइनको आयोजनामा प्रतियोगिता हुने भएको हो ।

अनलाइनका सञ्चालक सोयल लामाले तीज र विश्वकर्मा पूजाको अवसरमा प्रतियोगिता आयोजना गर्न लागेको बताउनुभयो । प्रतियोगिताको खेल तालिका सोमबार सार्वजनिक गर्ने उहाँले बताउनुभयो ।

नकआउट चरणमा हुने प्रतियोगिताको फाइनल खेल असोज १ गते हुनेछ । प्रतियोगिताको विजेता टिमले नगद ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद २५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ ।




# सिद्धार्थमा युवा/जुनियर रेडक्रस सर्कल गठन

समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयमा शुक्रबार युवा/जुनियर रेडक्रस भेला तथा अभिमुखीकरण कार्यक्रम भएको छ । कार्यक्रममा युवा/जुनियर रेडक्रस सर्कल गठन तथा प्रशिक्षण भएको हो ।

कार्यक्रममा प्रमुख अतिथि विद्यालय व्यवस्थापन समिति अध्यक्ष बलराम घिमिरे हुनुहुन्थ्यो । विशेष अतिथि नेपाल रेडक्रस सोसाइटी जुनियर/युवा सर्कल समिति संयोजक शिवहरि दहाल हुनुहुन्थ्यो । कार्यक्रमको उद्घाटन गर्दै विशेष अतिथि दहालले विद्यार्थीहरुलाई रेडक्रस सर्कलले गर्ने काम र जिम्मेबारीहरु बताउनुभयो ।

कार्यक्रममा युवा/जुनियर रेडक्रस सर्कल गठन गरिएको छ । कक्षा ९ देखि १२ सम्मका विद्यार्थीहरुको सहभागितामा युवा रेडक्रस सर्कल र कक्षा ६ देखि ८ सम्मका विद्यार्थीहरुको सहभागितामा जुनियर रेडक्रस सर्कलको समिति गठन गरिएको हो ।

युवा रेडक्रस सर्कलको अध्यक्षमा दिपेश आले मगरलाई चयन गरिएको छ । उपाध्यक्ष अप्सना थापा मगर, सचिवमा अस्मिता तिवारी, उपसचिव अप्सन मगर, कोषाध्यक्ष अञ्जली घिमिरे र उपकोषाध्यक्षमा स्तोत्र लामिछाने चयन भएका छन् । सदस्यहरु दीपेन्द्र घलान, अनुषा श्रेष्ठ, आदेश भण्डारी, साम्राज्य श्रेष्ठ र राहुलकुमार साह चयन भएका छन् ।

जुनियर रेडक्रस सर्कलको अध्यक्षमा महेन्द्र मगर चयन भएका छन् । उपाध्यक्षमा सुष्मा यादव, सचिवमा सपना स्याङ्तान, उपसचिवमा जोनराज स्याङ्तान, कोषाध्यक्षमा पूर्णिमा लामा, उपकोषाध्यक्षमा लिजा खड्का चयन भएका छन् । सदस्यहरुमा प्रनिशा कुँवर, अविनाश यादव, बिक्रमकुमार जैसवाल, तौखिर अन्सारी र फिरोज चौधरी चयन भएका छन् । सबै विद्यार्थीहरुलाई नियमित बैठकमा उपस्थित हुन र राम्रो कार्यक्रमको आयोजना गर्न विद्यालयका प्रधानाध्यापक मोहनप्रसाद शर्माले अनुरोध गर्नुभयो ।

# मानव अधिकार संगठनद्वारा दहाल सम्मानित

समाज संवाददाता

हेटौंडाः नेपाल मानव अधिकार संगठन मकवानपुरद्वारा आयोजित छाँयादेवी स्मृति मानव अधिकार सम्मान-२०८० बाट संस्थापक अध्यक्ष कृष्णप्रसाद दहाल सम्मानित हुनुभएको छ । शुक्रबार संस्थाको सातौँ साधारणसभामा दहाललाई नगद ५ हजार र सम्मानपत्रसहित सम्मान गरेको संगठनका सभापति शर्मिला श्रेष्ठले जानकारी दिनुभयो ।

साधारणसभामा महिलाविरुद्धको भेदभाव सम्बन्धमा प्रशिक्षणसहित सचेतना कार्यक्रम भएको थियो । कार्यक्रममा महिलाको हक अधिकार, समानताको लागि गर्नुपर्ने भूमिका र कानुनी व्यवस्थाबारे मानव अधिकार संगठन बागमती प्रदेश अध्यक्ष अप्सरा बस्नेतले जानकारी दिनुभएको थियो ।

कार्यक्रममा आर्थिक प्रतिवेदन र अध्यक्षको प्रतिवेदन पेश गरिएको थियो । कार्यक्रम संगठन अध्यक्ष शर्मिला श्रेष्ठको सभाध्यक्षता, जिल्ला समन्वय समिति मकवानपुर प्रमुख ललित घलानको प्रमुख आतिथ्यमा भएको हो ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)



हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौँडा-१, ब्लडबैंकअगाडि

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
श्री निर्मल माध्यमिक विद्यालय
हेटौँडा-१९, बस्तिपुर
सीप हुन्छ हातमा, रोजगारी साथमा
भर्ना खुल्यो। भर्ना खुल्यो।। भर्ना खुल्यो।।।
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT) को आँगिक यस विद्यालयमा प्रि डिप्लोमा तह इलेक्ट्रिकल इन्जिनियरीङ २४ महिने औद्योगिक प्रशिक्षार्थी तालीम (Apprenticeship) कार्यक्रममा भर्ना खुल्यो ।
निवेदन दिने अन्तिम मितिः २०८० असोज २ गते
प्रवेश परीक्षा मितिः २०८० असोज ६ गते
समयः विहान ११:०० बजे
आवेदन फाराम पाईने स्थानः विद्यालय प्रशासन शाखा
निशुल्क अध्ययनको अवसर
न्यूनतम शैक्षिक योग्यताः
SEE मा कम्तिमा E ग्रेड ल्याई उतिर्ण
औद्योगिक प्रशिक्षार्थीए तालीम कोटाः ४० जना
कार्यक्रमका विशेषताहरुः
★ निःशुल्क अध्ययन।
★ रोजगारीको सुनिश्चितता ।
★ दक्ष एवम् अनुभवी प्रशिक्षक।
★ औद्योगिक क्षेत्रमा कार्यगत सिकाई ।
★ अत्याधुनिक प्रयोगशालाको व्यवस्था।
★ खाजा तथा यातायात खर्च स्वरूप प्रशिक्षार्थीहरूले प्रति हाजिरी दिन रू.१००/- पाउने ।



सीट सिमित रहेकोले समयमै आवेदन दिनुहुन जानकारी गराईन्छ ।
थप जानकारीको लागी
सम्पर्कः९८५५०३०८८७,९८५५०६७७९९, ९८४५०७१७८८,९८४५०७१६५८

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ